# <u>सार्वजनिक लेखा समितिको प्रगति प्रतिवेदन</u>

**१)सम्बोधनः**

**श्री नगर सभाका अध्यक्ष एवम् नगर प्रमुख महोदय,**

**नगरसभाका सदस्यज्युहरू,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू एवम् कर्मचारी तथा पत्रकार मित्रहरु,**

आज हामीहरु यस ऐतिहासिक, साँस्कृतिक एवम् पुरातात्विक नगरी दुल्लू नगरपालिकाको गरिमामय १५ औ नगरसभाको पहिलो अभिवेशनमा उपस्थित भएका छौं । आजको यस सभामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु । यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहितहरु र मिति २०८० माघ २२ गते दिवङगत हुन भएका यस नगरपालिका वडा नं.१३ का वडाअध्यक्ष बिर्ख बहादुर शाही प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध, लोकतान्त्रिक र गणतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पुर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु । साथै सम्पुर्ण घाइते योद्धाको शिघ्र स्वास्थ्य लाभ तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु । राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि समक्ष नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने व्यक्तित्वहरु प्रति हार्दिक नमन व्यक्त गर्दछु । मुलुकमा संघीयता कार्यान्वयन सँगसँगै हामी निर्वाचित भएको अवधि देखी नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयास गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम गठित लेखा समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

सभाअध्यक्ष महोदय अब म लेखा समितिको परिचय र पृष्ठभुमीबारे जानकारी गराउछु ।

## २) परिचय तथा पृष्ठभुमीः

सार्वजनिक लेखा समिति सभाको एउटा महत्वपूर्ण विषयगत समिति हो । यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतमा सन् १८६१ मा भएको थियो । सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो । राज्यकोषको खर्च संसद्ले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययिता पूर्वक खर्च भए नभएको जाँचपड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो । बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ । नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ । २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । हाल नेपालको संविधान, २०७२ को धारा ९७ तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली २०७९, को नियम १७२ मा समितिको गठन र नियम १७३ मा १० वटा विषयगत समितिहरू रहने व्यवस्था का साथै नियम १७८ मा काम,कर्तब्य र अधिकारको ब्यवस्था समेत रहेको छ । प्रतिनिधि सभाका ती विषयगत समितिहरूमध्ये सार्वजनिक लेखा समिति पनि एक महत्वपूर्ण विषयगत समिति हो । सोही नियमावलीले सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २७ जना सदस्यहरू रहने व्यवस्था गरेको छ । प्रधानमन्त्री समितिको पदेन सदस्यको रूपमा रहने र समितिका सदस्यहरूले आफूहरुमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने तथा सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७९ ले गरेको छ ।समितिको पूर्ण बैठक बस्न सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरूको उपस्थिति आवश्यक पर्छ भने कुनै पनि विषयमा निर्णय गर्नका लागि उपस्थित सदस्य संख्याको बहुमत आवश्यक पर्दछ ।

सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधि सभा नियमावलीको नियम १७३ को क्र.सं. १० ले यस समितिको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक

लेखा, महालेखापरीक्षकको प्रतिवेदन र सम्बद्ध विषय तथा निकाय भनी तोकेको छ । प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ को उपनियम (८) मा सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा सम्पादित कामकारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको छ । यसै नियमको उपनियम (११) मा समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको छ । संघ र प्रदेश सरकार जस्तै स्थानीय तहको कार्यपालिकालाई सभाप्रति उत्तरदायि बनाउन, कार्यपालिकाबाट भएका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ र दुल्लू नगरपालिकाको नगरसभा संचालन कार्यविधि, २०७४ को दफा ४८ बमोजिम हामी देहाय बमोजिमका सदस्यहरु रहने गरी दुल्लू नगरपालिकाको लेखा समिति गठन गरिएको छ ।

तपसिलः

| क्र.सं. | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री रामचन्द्र शर्मा | संयोजक | ९८५८०५१५६९ |
| २ | श्री नन्द बहादुर थापा | सदस्य | ९८४४८०६४९३ |
| ३ | श्री सिता शाह | सदस्य | ९८४८११४९८४ |
| ४ | श्री रेशम बहादुर रावल | सदस्य | ९८००५८१६०८ |
| ५ | श्री लक्ष्मी कामी | सदस्य | ९८६७३६२४८० |
| ६ | श्री रमेश प्रसाद उपाध्याय | सदस्य-सचिव | ९८४८२११९६५ |

दुल्लू नगरपालिकाको लेखा समितिको संचालन सम्बन्धी कार्यविधि,२०७६ को दफा ५ बमोजिम देहाय बमोजिमको कार्यहरु गर्ने काम, कर्तव्य र अधिकार रहेको छ ।

- नगरकार्यपालिकाकाको कार्यालय, मातहतका विषयगत शाखाहरु र वडा कार्यालयहरुको आन्तरिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी नगरकार्यपालिका मातहतका शाखा र वडा कार्यालयलाई सुझाव दिने,
- नगरकार्यपालिकाकाको कार्यालय, मातहतका विषयगत शाखाहरु र वडा कार्यालयहरुको अन्तिम लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी नगरसभा समक्ष सुझाव दिने,

- नगर कार्यपालिकाका कार्यालय, विषयगत शाखा र वडा कार्यालयहरुले गर्ने खरिद, मुल्याङकन बिक्री जस्ता आर्थिक क्रियाकलापका सम्बन्धमा उजुरी परेमा सो सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान तथा छानविन गरी प्रतिवेदन तयार गरी आवश्यक कारबाहीका लागि नगर कार्यपालिका र नगरसभा समक्ष पेश गर्ने,
- नगरको संचितकोषको हिनामिना भएको तथा अनियमिता भएको भन्ने उजुरी समितिमा प्राप्त भएमा सो सम्बन्धी आवश्यक अनुसन्धानको सिलसिलामा सम्बन्धित पदाधिकारी वा व्यक्तिसँग समितिले सोधपुछ गर्न सक्नेछ ।
- नगरपालिकाको आन्तरिक लेखा परीक्षण र वार्षिक अन्तिम लेखा परीक्षणको प्रतिवेदनमा औंल्याइएका विषय, बेरुजुलाई नियमित गर्ने, बेरुजु फछ्यौंट गर्नुपर्ने भएमा सो गराउने र सुझावहरु कार्यान्वयन गराउन नगरसभामा पेश गर्ने,
- नगरपालिकाका सार्वजनिक सम्पतिको हिनामिना भए/नभएको अध्ययन, अनुगमन र मुल्याङ्कन गरी प्रचलित ऐन, नियम अनुरुप सम्बन्धित निकायलाई आवश्यक राय सुझाव सहित सिफारिस गर्ने,
- नगर कार्यपालिकाले तयार गरेको नगर कार्यपालिकाको कर्यालयको चौमासिक प्रतिवेदनको समिक्षा गर्ने, आवश्यक सुझाव तथा निर्देशन दिने र नगरको सार्वजनिक प्रशासनलाई जवाफदेहीता, पार्दशिता र उत्तरदायित्व बनाउन सहयोग गर्ने,
- माथि उल्लेखित विषयमा विशेषज्ञ सेवा लिन पर्ने भएमा आवश्यकता अनुसार विशेषज्ञ सेवा लिने सक्नेछ ।
- नगरका वार्षिक बजेट निर्माणमा आवश्यक राय सुझाव दिन समितिको कर्तव्य हुनेछ ।

## ३) हालसम्म समितिको बैठकको अवस्था र सम्पादन भएका कार्यहरुः

३.१) चालु आर्थिक वर्ष २०८०/०८१ मा लेखा समितिका ३ वटा बैठक सम्पन्न भएका छन ।

३.२) पहिलो बैठक २०८० फागुन ३ गते बसेको जुन बैठकमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याएका व्यहोरा उपर छलफल गरी असुल उपर गर्नु भनी उल्लेख भएका बेरुजुको लागि सम्बन्धित पक्षलाई पत्राचार गर्ने, प्रमाण पेश गर्ने भनी उल्लेख भएको बेरुजु उपर सम्बन्धित पक्षलाई ३५ दिने प्रारम्भिक प्रतिवेदनमा प्रतिक्रिया पठाउने भनी नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३.३) दोस्रो बैठक २०८१ असार ७ गते बसेको जसमा आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजु तथा सुझावका सन्दर्भमा दफाबार गरी नगरपालिकाको वित्तीय पार्दशिता, जवाफदेहिता र उत्तरदायित्वको अवस्था बारे जानकारी लिएको
३.४) तेस्रो बैठक २०८१ असार ८ गते बसेको र सो बैठकमा नियमित गर्ने भनी औंल्याएका बेरुजुलाई फछ्र्यौटको आधार दिई नियमित गर्ने भनी उल्लेख भएको ४६ लाख ८८ हजार बेरुजु नियमित गरी फछ्र्यौटका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।
३.५) तेस्रो बैठकबाट नगरपालिकाको आर्थिक अनुशासन, वित्तीय पार्दशिता, जवाफदेहिता, तथा उत्तरदायित्व कायम गर्न योजना तथा अनुगमन, सार्वजनिक खरिद, लेखा व्यवस्थापन, योजना तथा कार्यक्रम कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण तथा बेरुजु फछ्र्यौटसँग सम्बन्धित विषयमा नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय समेत गरियो ।

## ४) हालसम्मको बेरुजुको अवस्थाः

४.१) मिति २०८० मंसिर र पुस महिनामा सम्पन्न गत आर्थिक वर्ष २०७९/८० को महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण डोरले दिइएको प्रतिवेदन अनुसार यस नगरपालिकाको कुल बेरूजु ३ करोड ७६ लाख ४५ हजार रहेको छ जुन गत आर्थिक वर्षको तुलनामा २६८ प्रतिशत कम हो । जुन बेरुजुमा असुल उपर गर्नुपर्ने भनी ४० लाख ७० हजार, प्रमाण पेश गर्नुपर्ने भनी २ करोड ३५ लाख ४४ हजार, नियमित गर्नुपर्ने भनी ४६ लाख ८८ हजार र पेश्की बाँकी बेरुजु ५३ लाख ४३ हजार गरी यस नगरपालिकाको हालसम्मको बेरुजु ३४ करोड १८ लाख १० हजार रहेको छ ।

४.२) गत आर्थिक वर्ष २०७९/८० को महालेखा परीक्षकबाट भएको अन्तिम लेखापरीक्षण डोर समक्ष यस समितिले नियमित तथा प्रमाण पेशसँग सम्बन्धित बेरुजु मध्ये ८ करोड ७१ लाख ६६ हजार ९ सय ३२ रुपैंयाको बेरुजु सम्परीक्षणको लागि पेश भएकोमा ३ करोड ६९ लाख ४९ हजार फछ्र्यौट भएको छ ।

४.३) लेखापरीक्षणको क्रममा असुल १७ लाख ४९ हजार ५ सय ८६ भएको र प्रारम्भिक प्रतिवेदन उपर ३२ लाख ३४ हजारको बेरूजु फछ्र्यौट भएको छ ।

४.४) गत आर्थिक वर्ष २०७९/८० को कुल बेरुजुको अंक कुल बजेटको १.८१ प्रतिशत बेरुजु औंल्याई दैलेख जिल्लामा बेरुजु कम हुने पालिकामा पाँचौ पालिकाको रुपमा रहेको छ ।

## ५) नगरसभा मार्फत नगरकार्यपालिकाको कार्यालयलाई सुझाव तथा निर्देशनः

**<u>५.१- खर्च विश्लेषण तर्फः</u>** नगरपालिकाले गत वर्ष २०७९/८० मा कुल आन्तरिक आय ५३ लाख ३९ हजार ८ सय ४१ संकलन गरेको थियो, राजश्व बाँडफाडबाट ९ करोड ५१ लाख ७८ हजार ८ सय ३० रुपैंया, स्थानीय पुर्वाधार सहयोग कार्यक्रमबाट २ करोड ४२ लाख ७० हजार २ सय ५६ र संघ प्रदेश अनुदानबाट ६५ करोड ५१ लाख ४८ हजार ७ सय ७३ गरी जम्मा ८९ करोड ०६ लाख १९ हजार ३ सय ४१ आम्दानी गरेकोमा चालु तर्फ ५२ करोड ४३ लाख ४५ हजार ६ सय ८५ र पुँजिगत तर्फ २६ करोड २० लाख ९९ हजार ६ सय ४० गरी कुल खर्च ७८ करोड ६४ लाख ४५ हजार ३ सय २५ खर्च मध्य आन्तरिक आयको हिस्सा ०।६५ प्रतिशत मात्र रहेको छ । यस वर्ष पालिकाले पदाधिकारी सुविधामा मात्र १ करोड ४१ लाख ५४ हजार खर्च गरेको छ सो रकम आन्तरिक आयको २६५ प्रतिशतले बढी हुन आउछ । यसबाट नगरपालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको अवस्था छ । यस्तो प्रकृतिको प्रशासनिक खर्चमा नियन्त्रण गर्दै आन्तरिक राजश्व वृद्धिका नविनतम् स्रोतको खोजी, सम्पुर्ण करदातालाई नगरको आन्तरिक आम्दानीमा जोड्न नगर कार्यपालिकाको ध्यान जान जरुरी छ । नगरपालिकाले आन्तरिक स्रोतलाई मजबुत गराउदै अनुदान र राजश्व बाँडफाडबाट प्राप्त हुने रकमलाई प्रशासनिक खर्चमा आवश्यकता अनुसार मात्र खर्च गरी अधिक रुपमा विकास निर्माण कार्यमा खर्च गरी आत्मनिर्भर आन्तरिक आय बनाउन आवश्यक छ ।

**<u>५.२- योजना तथा बजेट कार्यान्वयनः</u>** गत आर्थिक वर्षमा पनि विगत झै विकास निर्माणको काम आर्थिक वर्षको अन्त्यमा गर्ने प्रवृत्ति कायमै रहेको पाइयो, कुल पुँजिगत खर्चमा प्रथम चौमासिकमा कुल खर्चको ९।३३ प्रतिशत, दोस्रो चौमासिकमा १९।६८ प्रतिशत र तेस्रो चौमासिकमा ७०।९९ प्रतिशत र असार मसान्तमा मात्र कुल पुँजिगत खर्चको ३८।४२ खर्च भएको अवस्था छ । जुन कुल खर्चको तुलनामा १० महिनामा हुन नसकेको काम १ महिना मै अर्थात वर्षान्तको अन्त्यमा उच्च भएको अवस्था देखिन्छ । सो सम्बन्धमा यसरी आर्थिक वर्षको अन्त्यमा गरिने पुँजिगत खर्चले लक्ष्य बमोजिमको कार्यसम्पादन नहुने, कम गुणस्तरीय संरचना निर्माण हुने, खर्च लागत प्रभावी नहुने हुदाँ यसरी हुने खर्चलाई कम गर्न आर्थिक वर्षको सुरुवातमा नै बजेट निर्माण गर्दा कार्यान्वयनयोग्य कार्ययोजना सहित पुँजिगत खर्च योजनालाई

सुरुदेखि नै लागु गरे पुँजिगत खर्चलाई प्रभावकारी सकिने हुदाँ सोही बमोजिम गर्नु हुन यस समितिले सुझाव प्रस्तुत गर्दछ ।

**५.३- सार्वजनिक खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श र अन्य सेवा खरिद गर्नुपर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ, पालिकाको पुँजिगत खर्च नै २६ करोड २० लाख ९९ हजार भएकोमा पालिकाले खरिद गुरुयोजना बनाएर लागु गरेको छैन, सोसम्बन्धमा सार्वजनिक खरिद व्यवस्थालाई व्यवस्थित गर्न छुट्टै शाखा स्थापना गरी यसरी गरिने खरिद कार्यलाई व्यवस्थित गर्न जरुरी छ ।

**५.४- योजना प्राथमिकिकरण तथा टुक्रे योजनाः-** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ साथै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसुचि ३ मा आयोजना प्राथमिकिकरणका आधारहरु गरिबी निवारण, उत्पादनमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत साधन अधिकतम परिचालन हुने, समावेशी दिगो र वातावरण संरक्षण र भाषिक, साँस्कृतिक विकास भनेर उल्लेख गरेको छ सोही बमोजिम प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्नेमा पालिकाले सो बमोजिम नगरी टुक्रे प्रकृतिका योजना छनौट गरेको अवस्था छ । हालसम्म पनि पालिकाले गौरवको आयोजना भनेर कुनै योजना संचालन गरेको अवस्था छैन । पालिकाले आर्थिक वर्ष २०७९/८० मा कुल ४५० योजना मध्ये २० लाख भन्दा ठुला ३७ वटा, ५ लाख देखि २० लाखसम्मका ७८ वटा र ५ लाख भन्दा साना ३३५ वटा योजना संचालन गरेको अवस्था छ । यसरी समानिकरण अनुदानको रकम उत्पादन तथा उत्पादक्तमा वृद्धि हुने, रोजगारी वृद्धि हुने, नगर आत्मनिर्भर हुने क्रियाकलापमा खर्च गर्नुपर्नेमा सो नभई टुक्रे स-साना योजनामा खर्च गरेको अवस्था छ, आगामी दिनहरुमा यसरी घट्दै गएको समानिकरण अनुदानको अनुपातलाई ध्यानमा राख्दै नगर आर्थिक रुपमा आत्मनिर्भर हुने योजना तथा कार्यक्रममा खर्च गर्न गराउन सभा मार्फत कार्यपालिकाको ध्यान आकर्षण गर्दछु ।

**५.५- बार्षिक लक्ष्य तथा प्रगतिः** यस नगरपालिकाको कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले संचालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ ।पालिकाले बार्षिक लक्ष्य तथा प्रगति विवरण पेश गरेको पेश मलेप समक्ष पनि पेश गरेको छैन । जसले गर्दा पालिकाको भौतिक प्रगतिको विवरण, संरचनाको

अवस्था, पालिका विकासको गोरेटो देख्न सकिदैन सुचना प्रविधिको प्रयोग मार्फत पालिकाको भौतिक प्रगति प्रणालीलाई व्यवस्थित गर्न तर्फ पालिकाको ध्यान दिन नगरसभाबाट सुझाव पेश गर्दछु ।

**<u>५.६- बजेट तथा कार्यक्रम तर्जुमाः</u>** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, बिषयक्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ, पालिकाले उक्त समितिले गर्नुपर्ने काम अनुसार नीति तथा कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रम बिचको तादाम्यता तथा परिपुरकता कायम गरी ऐनमा व्यवस्था भए अनुसारको प्रकृया अवलम्वन गरेको छैन, सो ऐनको परिपालना गर्न गराउन तर्फ पालिकाको ध्यान आकर्षण म यो सभाबाट गर्दछु ।

**<u>५.७- आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षणः</u>**

- पालिकाबाट संचालित हुने आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि लागु गरी कार्यान्वयन गर्न तर्फ पालिकाले ध्यान म सभा मार्फत निर्देशन दिन्छु । जसले गर्दा पालिकाले निर्माण गरेका आयोजनाको दिगोपना नहुने गरेको अवस्था छ, मर्मत सम्भार कार्यविधि तथा मापदण्ड तयार गरी आयोजना हस्तान्तरण, मर्मतसम्भारको जिम्मा सम्बन्धित लाभग्राही समुदाय र समितिलाई हुने गरी हस्तान्तरण गर्ने परिपाटी गर्न जरुरी छ ।
- यस नगरपालिकाले बजेट तर्जुमा, बजेटको कार्यान्वयन, लेखाङकन, संगठन संरचना, लेखापरीक्षण, राजश्व व्यवस्थापन, कार्यक्रम संचालन लगायतका विविध विषयमा हुन सक्ने सम्भावित जोखिमहरू पहिचान गरी सोको निराकरणको प्रयास गरेको अवस्था देखिएन । सोको रेकर्ड राख्न जरूरी छ ।
- नगरपालिकाबाट संचालित हुने योजनाको सुचना पार्टिमा अनुदान रकम मात्र राखी टासिने परिपाट छ अब उप्रान्त सुचना पार्टीमा आय र व्ययको विवरण, अपेक्षित र वास्तविक लाभ, उपभोक्ताको वास्तविक योगदान, वास्तविक लाभान्वित जनसंख्या, क्षेत्रफल लगायका विषय समावेश गरेर पुर्ण रुपमा सुचनापार्टी **राख्ने** व्यवस्था मिलाउन हुन नगरकार्यपालिकालाई नगरसभा मार्फत निर्देशन दिन्छु ।
- पालिकाले संचालन गर्ने योजनाहरुको हकमा सरोकारवालालाई समावेश गरी सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गराउनुपर्नेमा पालिकाले सार्वजनिक सुनुवाई र सामाजिक

परीक्षण गर्दा उपभोक्ता समितिका पदाधिकारीहरु मात्र समावेश गरी गर्ने गरेको अवस्था छ । सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कागजातमा मात्र नभई वास्तविक गर्ने व्यवस्था मिलाउन म सभा मार्फत नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकामा कार्यरत कर्मचारीको कार्यविवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङकन गर्न पर्ने व्यवस्था छ, तर पालिकाले कर्मचारीको कार्यसम्पादनमा आधारित मुल्याङकन गर्ने गरेको अवस्था छैन, यसरी कार्यरत कर्मचारीसँग कार्यविवरण तयार गरी कार्यमा आधारित मुल्याङ्कन गर्न र शाखा प्रमुखहरुसँग कार्यालय प्रमुख, नगरप्रमुख/नगरकार्यपालिकासँग कार्यालय प्रमुखको कार्य सम्पादन सम्झौता गरी अनिवार्य कार्यान्वयन गर्न गराउन सुझाव पेश गर्दछु।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(४) बमोजिम पालिकाले प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण प्रतिवेदन दिने गरेको अवस्था देखिन्छ, आन्तरिक लेखापरीक्षण प्रणालीलाई थप सशक्त बनाउदै पालिकाको वित्तीय अनुशासन, अन्तिम लेखापरीक्षणलाई प्रभावकारी बनाउन सहयोग, अंक गणितिय शुद्धता, प्रभावकारीता, विश्वसनियता, कार्यदक्षता, नियमिता कायम गराउन हुन म सभा मार्फत नगरकार्यपालिकालाई निर्देशन दिन्छु ।
- पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट हुने कामको लागत अनुमान तयारी, योजना सम्झौता मिति, कार्य सुरु, लागत सम्पन्न हुने मिति, म्याद थप लगायतका विषय देखिने गरी ठेक्का अभिलेख खाता तयार गर्ने गरेको अवस्था देखिएन । सो विवरण देखिने गरि ठेक्का तथा निर्माण कार्य गराएको व्यहोरा देखिने गरी खाता तयार गर्न सभा मार्फत म नगर कार्यपलिकाको कार्यालयलाई निर्देशन दिन्छु ।
- पालिकाले गरेको मालसामान खरिद, निर्माण व्यवसायी मार्फत गरिने खरिद कार्य, उपभोक्ता समिति मार्फत गरिने कार्यमा प्रयोग हुने सामानको गुणस्तर मापन गर्ने संयन्त्र नभएकाले गुणस्तरीय कार्य नहुने जोखिम रहेको हुदाँ गुणस्तर मापन प्रणालीलाई अनिवार्य बनाउन म निर्देशन दिन्छु ।
- सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ९७ अनुसार गत वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको अवस्था छैन, आयोजना सम्पन्न गर्ने वित्तिकै सम्बन्धित समिति र लाभग्राही समुदायलाई हस्तान्तरण गरि जिम्मा लगाउने व्यवस्था

गर्ने संयन्त्र बनाउन म सभा मार्फत नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघु उद्यम विकास सम्बन्धी सामाग्री, अन्य अनुदान सम्बन्धी सामाग्री वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर, सम्पर्क नम्बर, नागरिकता वा अन्य प्रमाण खुल्ने कागजात संलग्न राखी मात्र भरपाई गर्न गराउन म निर्देशन दिन्छु ।
- पालिका भित्र संचालित विद्यालयको अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन पालिकाले अनुगमन संयन्त्र बनाई कडाइका साथ लागु गर्न जरुरी छ । विद्यालय अनुगमन त भएका छन तर अनुगमनबाट भएको सुधारात्मक पक्ष, समस्या, चुनौती, नयाँ अभ्यासको लागु भएको अभिलेख नरहेको अवस्था देखीएको हुदाँ प्रभावकारी अनुगमन संयन्त्र प्रणाली बनाई लागु गर्न गराउन म सभा मार्फत कार्यालयलाई निर्देशन दिन्छु ।
- पालिका भित्र संचालित संस्थागत विद्यालयहरुको दर्ता नविकरण शुल्क निर्धारण, वर्गिकरण लगायतका अभिलेख व्यवस्थित रुपमा राखेको अवस्था छैन, संस्थागत विद्यालयको रेकर्डलाई व्यवस्थित गरी पालिकाको प्रत्यक्ष निगरानीमा राख्नुपर्दछ ।

**५.८- न्यायिक समितिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ मा स्थानीय तहमा एक न्यायिक समिति गठन हुने र दफा ५३ मा त्यसरी गठन भएको समितिले आफुले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार न्यायिक समितिमा दर्ता भएका र फछ्र्यौट भएका मुद्दाहरुको विवरण सहितको वार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने गरेको अवस्था छैन, सोलाई पुर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक छ ।

**५.९ ऐनको कार्यन्वयनः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७२(७) बमोजिम नगरपालिकाले नगरसभाबाट स्वीकृत सिमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ बमोजिम नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले कतिपय कार्यक्रम सभाबाट स्वीकृत कार्यक्रम भन्दा नगर कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गर्ने गरेको अवस्था छ । यसबाट नगरसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहिता कायम भएको देखियन, यसर्थ विनियोजन ऐनको संशोधन गर्ने

कार्य पनि यसै सभाबाट हुने हुदाँ नगर कार्यपालिकाले ऐनमा व्यवस्था भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहिता कायम गर्न गराउन म निर्देशन गर्दछु ।

**५.१० जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र गर्नुपर्ने कानुनी व्यवस्था छ । पालिकाले हालसम्म जिन्सी निरीक्षण गराइ लिलाम विक्री गर्नुपर्ने मालसामानको हकमा लिलाम विक्री गरेको अवस्था छैन, ऐन नियमको परिपालना गर्न गराउनु हुन निर्देशन दिन्छु ।

**५.११ आर्थिक सहायताः** स्थानीय सरकार संचालन ऐन, २०७४ पालिकाले आर्थिक सहायता उपलब्ध गराउदाँ मनोमानी तबरले ५,०००, ८,०००, १०,०००, १५,०००, २०,००० जस्तो रकमा दिने गरेको अवस्था देखियो यसो नगरी एउटा मापदण्ड तर्जुमा मार्फत एकनाश तवरले आर्थिक सहायता प्रणालीलाई व्यवस्थित गर्न गराउनु म निर्देशन दिन्छु ।

**५.१२ आन्तरिक राजश्व कर तथा गैर करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७,५८ र ५९ मा विभिन्न कर तथा गैर कर उठाउन सक्ने व्यवस्था गरेको छ । यी शीर्षकमा अनुमान र वास्तविक स्थितिको समिक्षा गर्ने गरेको अवस्था देखिएन । आन्तरिक स्रोत वृद्धि गर्न पालिकाले नविन प्रकृतिका स्रोतको खोजी गर्ने, सबै करदातालाई करको दायरामा ल्याउने, पालिका भित्रका सम्पुर्ण व्यवसायलाई करको दायरामा ल्याउने लगायतका कार्यक्रम संचालन गरी राजश्व अभिवृद्धि गर्न नगर कार्यपालिकालाई सभा मार्फत निर्दशन दिन्छु ।

**५.१३ ह्यभी सवारो साधनको भाडा सम्बन्धमाः** पालिकामा रहेका १ टिप्पर, १ डोजर, १ रोलरले गत आर्थिक वर्ष २०७९/८० मा रु. १५ लाख २१ हजार आम्दानी गरी सवारी चालकको तलब भत्ता बाहेक इन्धन र मर्मतमा मात्र १७ लाख ५१ हजार खर्च गरेका छन । सवारी भाडामा लगाउने कार्यले पालिकाको आयमा वृद्धि नभई थप आर्थिक दायित्व सृजना गर्ने हुदाँ भाडाको सट्टा सोही साधनले नगरको एउटा गौरवको सडक विकास गरी उपलब्ध सवारी साधनहरुलाई नगर विकास निर्माण कार्यमा प्रयोग गर्ने साथै नगर तथा वडा मार्फत गरिने सडक मर्मत तथा सरसफाइका कार्यमा नगरका सवारी साधन मात्र

प्रयोग गर्ने नीति तर्जुमा गरी अनिवार्य आगामि आर्थिक वर्षबाट लागु गर्न गराउन सभा मार्फत म नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

**<u>५.१४ खरिद कारबाहीको अभिलेखः</u>** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फायल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरू सहित अद्यावधिक अभिलेख राख्नुपर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारबाहीका लागि फाइल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजात सिलसिलेवार मिलाएर उक्त फाइलमा राखेको देखिएन साथै ठेक्का सम्बन्धी गोश्वारा लगत म.ले.प.फा.नं.५०७ तयार गरी राख्नुपर्नेमा राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण महालेखा परीक्षकलाई सहज भएन सो सम्बन्धमा खरिद कारबाहीलाई व्यवस्थित रुपमा गर्न गराउन सभा मार्फत निर्देशन दिन्छु ।

५.१५ वडा कार्यालय र नगरपालिकाबाट संचालन गरिने योजना तथा कार्यक्रमहरूको औचित्यता पुष्टी नगरी खरिद कार्य नगर्न नगराउन सभा मार्फत निर्देशन दिन्छु ।

५.१६ आर्थिक वर्ष २०७७।७८ देखी गत आर्थिक वर्षसम्मको महालेखापरीक्षक कार्यालयबाट हुने अन्तिम लेखापरीक्षण प्रतिवेदनमा करार कर्मचारीको स्थानीय भत्ता र महँगी भत्तालाई असुल उपर गर्ने, सामाजिक परिचालक परिचालन बापतको रकम नियमित गर्ने भनी बेरूजु औल्याइरहेको हुदाँ सो सम्बन्धमा महालेखा परीक्षकको प्रतिवेदनको निर्देशन अनुसार कार्यान्वयन गर्न गराउन सभा मार्फत नगर कार्यपालिकालाई निर्देशन दिन्छु ।

५.१७ नगरपालिका अन्तर्गत संचालित दुल्लू अस्पताल र पंचकोशी बहुप्राविधिक शिक्षालयको आन्तरिक आय र खर्च नगरपालिकासँग जोडिने तथा आन्तरिक लेखापरीक्षण नगरबाट गर्ने र नियमित लेखापरीक्षण गर्न गराउने व्यवस्थाका लागि आवश्यक नीति निर्णय गर्न गराउन सभा मार्फत म नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छू ।

५.१८ पालिकाले वडा तथा शाखाको राजश्व उठाउन सक्ने क्षमताका आधारमा आगामी आर्थिक वर्षमा प्राप्त हुने राजश्व अनुमान गर्ने अनुमानित राजश्वको सबैभन्दा बढि राजश्व उठाउने/सिमा नाघ्ने वडा तथा शाखा मध्ये सबै भन्दा बढी राजश्व उठाउने शाखा वा

वडालाई पुरस्कार तथा सम्मान गरी राजश्व अभिवृद्धि गर्न गराउने व्यवस्थाका लागि सभा मार्फत नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

५.१९ सरकारी सवारी साधन प्रयोगमा पछिल्लो समयमा हुने गरेको दुरूपयोगका सम्बन्धमा सवारी साधनलाई सरकारी कामको प्रयोजनका लागि मात्र प्रयोग गर्न गराउन सवारी साधन प्रयोग मापदण्ड तयार गरी कडाइका साथ लागु गराउन सभा मार्फत म नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन्छु ।

५.२० योजना तर्जुमा गर्दा बजेटको आधारमा लागत अनुमान(स्टिमेट) बनाउनुको साटो लागत अनुमान(स्टिमेट)को आधारमा बजेट विनियोजन गर्ने व्यवस्था लागु गराउनु हुन सभा मार्फत म निर्देशन दिन्छु ।

५.२१ नगरपालिकाले वडास्तरीय तथा नगरस्तरीय योजना सम्झौता तथा भुक्तानी गर्दा दुरी टाढा भएका ससाना योजनाहरुको हकमा नागरिकलाई नगरपालिकाको कार्यालय आउन नपर्ने गरी घुम्ति सम्झौता र भुक्तानी गर्ने व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाई लागु गर्नु गराउन सुझाव दिन्छु ।

५.२२ निर्माण व्यवसायी, उपभोक्ता समितिले यस नगरपालिकाबाट लिएको निर्माण कार्यको पेश्की रकम अन्यत्र कार्यमा खर्च गरी निर्माण कार्य नगर्ने, कार्य अलपत्र छोड्ने जस्ता प्रवृत्ति देखिएको हुदाँ मासिक रूपमा निर्माण व्यवसायी र उपभोक्ता समितिले पेश्की रकम खर्च गरिएको बैंक स्टेटमेन्ट र खर्च प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउन व्यवस्था गर्न म सभा मार्फत कार्यालयलाई सुझाव दिन्छु ।

५.२३ नगरपालिकाले महालेखा परीक्षकको कार्यालयले दिइएको प्रतिवेदनका व्यहोरा तथा सुझावहरू कार्यान्वयन गर्नुपर्ने,

५.२४ बेरूजु शुन्य सहनशिलता नीति अनुरूप बेरूजु असुल, प्रमाण पेश, नीतिगत बेरूजु नियमित गराउने, पेश्की फछ्र्यौट लगायतका विविध पक्षमा ध्यान दिई बेरुजु फछ्र्यौटका विधि अवलम्बन गर्न गराउन नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिलाई संस्थागत रुपमा दिने र परामर्श सेवा मार्फत बेरुजु फछ्र्यौट विज्ञ नियुक्त गरी बेरुजु फछ्र्यौटको जिम्मा दिन म नगरसभा मार्फत अनुरोध गर्दछु ।

५.२५ असुल उपर गर्नुपर्ने भनी मलेपले औल्याएका बेरुजु फछ्र्यौटका लागि अभियान नै संचालन गरी असुल, फछ्र्यौट, सम्परीक्षण कार्य गर्न गराउन यस सभा मार्फत कार्यपालिका

कार्यपालिकाको कार्यालयलाई सुझाव दिन्छु । यसरी बेरुजु फछ्र्यौट कार्यमा संलग्न पदाधिकारी तथा कर्मचारीलाई आवश्यक प्रोत्साहनको व्यवस्था गर्न म सुझाव दिन्छु ।

सभा अध्यक्ष महोदय,
सभाका सदस्य ज्यूहरू,
अन्त्यमा,

यस गरिमामय १५ औ सभामा दुल्लू नगरपालिकामा लेखा समितिले पेश गरेको यो लेखा समितिको प्रतिवेदनलाई कार्यसम्पादनको सुझावको रुपमा लिई आगामी आर्थिक वर्षमा नगरपालिकाको सेवा प्रवाहलाई सहज, सरल, छिटो छरितो बनाइ नागरिक सन्तुष्टी सहितको सुशासन हुने कुरामा लेखा समिति विश्वस्त छ । सुझावलाई निर्देशनको रूपमा नलिइ सुझावको रूपमा लिन हुन सभा मार्फत नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्दछु। यस कार्यमा सहयोग गर्नुहुने सम्पुर्ण सदस्य ज्यूहरू, सदस्य सचिव ज्यू, तथा लेखासँग सम्बन्धित कर्मचारीहरूलाई विशेष धन्यवाद दिदै लेखा समितिको प्रतिवेदन २०८१ यस सभा समक्ष पेश गर्दै दुई शब्द यही टुङगाउछु । धन्यवाद नमस्कार